नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, पर्सा ।

## कार्यक्रममा सहभागि हुन सूचीकृत हुने सम्बन्धि सूचना ।

सूचना नं.:- ०२

**प्रथम पटक सूचना प्रकाशन मिति: २०७८/०७/१५**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, पर्सा अन्तर्गत धान जोन लागु भएका कार्यक्षेत्रहरु पर्सागढी न.पा. को वडा नं. १,२, ३ र ४, सखुवा प्रसौनी गा.पा. को वडा नं. १, २ र ३, पटेर्वा सुगौली गा.पा. को वडा नं. १, २ र ३, जीराभवानी गा.पा. को वडा नं. १, ४ र ५ तथा ठोरी गा.पा. को वडा नं. ३, ४ र ५ भित्रका इच्छुक **कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमीहरु** आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको सम्बन्धित बालीको ब्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रममा सहभागी हुनका लागि तपसिल बमोजिमका कागजातहरुका साथ यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र अर्थात मिति २०७८/०८/१४ गते कार्यालय समय भित्र परियोजना कार्यान्वयन एकाइ, पर्सामा सूचीकृत हुनका लागि निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचीकृत नभएका संस्थाहरुलाई कार्यक्रममा सहभागि गराईने छैन ।

**तपसिल:**

१ कार्यक्रममा सहभागिताका लागि रु.१० को टिकट टाँस गरिएको सूचीकृत हुने बारेको निवेदन ।
२ संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित) ।
३ यस एकाइमा सूचीकृत हुनका लागि निवेदन दिने सम्बन्धमा आवेदक संस्थाको कार्य/सञ्चालक समितिले गरेको निर्णयको प्रतिलिपि ।
४ आवेदक संस्थाका अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
५ आवेदक संस्थाको स्थायी लेखा नं. (PAN) को प्रतिलिपि ।
६ आवेदक संस्थाको आ.व. २०७७/०७८ को कर चुक्ता गरेको प्रमाण पत्र को प्रतिलिपी ।
७ आवेदक संस्था अन्तर्गतका यस परियोजना कार्यान्वयन एकाइमा सूचीकृत हुन इच्छुक कृषकहरुको विवरण ।
८ आवेदक संस्थाले चक्लाबन्दीमा खेती गरेको वा वीउ उत्पादन कार्यमा संलग्न रहेको वा चैते/बोरो धान खेती गरिरहेको भए के-कति क्षेत्रफलमा उक्त कार्यहरु गरेको हो सो सम्बन्धि विवरण ।

*थप अन्य कुनै जानकारीको लागि परियोजना कार्यान्वन एकाइ, पर्सा वा मोबाइल नं. ९८६०३२३१९९ (दीपेन्द्र चौधरी) वा मोबाइल नं. ९८६५१९३१७९ (रिफान चौधरी)मा सम्पर्क गर्न सकिनेछ ।*

**नि. बरिष्ठ कृषि अधिकृत**